**मिति २०८० कार्तिक २६ गते आईतबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन कार्यकारी समितिको उन्नाईसौं बैठकको निर्णयहरु**

**निर्णय नं.१:** मिति २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दू बनाई गएको भूकम्प र तत्पश्चात्का पराकम्पबाट मृत्यु भएकाहरु प्रति भावपूर्ण श्रद्धाञ्जली र परिवारजनमा समवेदना एवं घाईतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्ने ।

**निर्णय नं. २:** भूकम्पका कारण निजी आवास पूर्ण तथा आंशिक क्षति भई हाल अस्थायी आश्रयस्थलमा रहेका र चिसो, हिउँ, पानीबाट कष्टकर जिवन व्यतित गरिरहेका प्रभावित परिवारहरुलाई तत्काल अस्थायी आवासको प्रबन्ध गर्न अपरिहार्य भएकोले तत्काल अस्थायी आवास निर्माण गर्न प्रदान गरिने अनुदान रकमको उपयोगलाई व्यवस्थित गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी संलग्न "भूकम्पबाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान कार्यविधि २०८०" लाई स्वीकृत गर्ने ।

**निर्णय नं.३:** भूकम्पबाट निजी आवास क्षति भएका भूकम्प प्रभावित परिवारलाई प्रदेश सरकार स्थानीय तह र अन्य संघ सस्थाबाट स्थायी वा अस्थायी आवास निर्माणका लागि अनुदान वा सहयोग प्राप्त गरिसकेका लाभग्राही बाहेक भूकम्पबाट पूर्ण रुपमा क्षतिग्रस्त निजी आवासका लाभग्राही परिवारलाई विपद् पिडित उद्धार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ को ३(च) अनुसार प्रति लाभग्राही परिवारलाई हाललाई रु. २५/२५ हजार गरी जम्मा रु. ५० हजारका दरले दुई किस्तामा स्वीकृत कार्यविधि बमोजिम अस्थायी आवास निर्माणका लागि राहत रकम उपलब्ध गराउन सम्बन्धित जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिलाई निर्देशन दिने र उक्त समितिको कोषमा आवश्कता अनुसार रकम विपद् व्यवस्थापन कोषबाट निकासा गरी पठाउने र सो रकम स्थानीय तह मार्फत लाभग्राहीलाई उपलब्ध गराउने।

**निर्णय नं.४:** भूकम्प प्रभावित परिवारलाई अस्थायी आवास निर्माण लगायत विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्नका निम्ति विपद् व्यवस्थापन कोषमा नपुग रकम नेपाल सरकारसंग माग गर्ने ।

**निर्णय नं.५:** मिति २०८०/०६/१६ मा बझाङ केन्द्रबिन्दु भई गएको भूकम्प प्रभावितहरुलाई अस्थायी आवास निर्माणका लागि रु. ५०/५० हजारका दरले रकम उपलब्ध गराउने गरी माननीय उप-प्रधानमन्त्री एवं गृहमन्त्रीज्यूबाट मिति २०८०/०६/२९ मा भएको निर्णयलाई अनुमोदन गर्ने ।

**निर्णय नं.६:** अस्थायी आवास निर्माण गर्न आवश्यक सामग्री सहज र सुलभ ढङ्गबाट उपलब्ध गराउन निजी क्षेत्रलाई अनुरोध गर्ने, निर्माण प्रकृयामा सहयोग पुऱ्याउन राजनितिक दल, निजी प्रतिष्ठान, सामाजिक/स्वयंसेवी संघ-संस्था एवं सम्वद्ध सरकारी निकायहरुलाई अनुरोध गर्ने ।

**निर्णय नं.७:** विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ को दफा २० को उपदफा (२) बमोजिम विपद् पछि गरिने उद्धारकार्यका लागि लाग्ने यातायात, सञ्चार, भण्डारण, प्याकिङ्ग, ढुवानी लगायत अन्य अत्यावश्यक कार्यका लागि आवश्यक खर्च कार्यकारी समितिले तोके बमोजिमको सीमा र प्रक्रियामा रहेर

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण त...
...व्यवस्थापन कार्यकारी समि...

दिनेश भट्टराई
सचिव

अध्यक्ष
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

कोषबाट खर्च गर्न सक्नेछ भन्ने व्यवस्था भएकोले प्रचलित खरिद सम्बन्धी ऐन तथा नियमावली र जिल्ला दररेट बमोजिम प्रमुख जिल्ला अधिकारीले विपद् व्यवस्थापन कोषको रकम देहायको सीमा भित्र रही खर्च गर्न स्वीकृति प्रदान गर्ने ।

**क) जाजरकोट र रुकुम पश्चिम जिल्लाहरुको हकमा**

अ) सम्भावित विपद्को जोखिममा रहेका व्यक्तिको जिउ धनको सुरक्षा गर्न तत्कालै गर्नुपर्ने अग्रीम प्रतिकार्य शिर्षकमा बढीमा रु. १० लाख ।

आ) विपद्ले सिर्जना गरेका भग्नावशेष हटाउन, मृत पशुपंक्षीको व्यवस्थापन शिर्षकमा बढीमा रु. ५ लाख ।

ई) विपद् प्रतिकार्यको पूर्वतयारी स्वरुप आवश्यक उद्धार तथा राहत सम्बन्धी व्यवस्थापन, राहत सामग्रीको भण्डारण, प्याकेजिङ्ग र ढुवानी शिर्षकमा बढीमा रु. पच्चीस लाखसम्म।

**ख) सल्यान जिल्लाको हकमा**

अ) सम्भावित विपद्को जोखिममा रहेका व्यक्तिको जिउ धनको सुरक्षा गर्न तत्कालै गर्नुपर्ने अग्रीम प्रतिकार्य शिर्षकमा बढीमा रु. ५ लाख ।

आ) विपद्ले सिर्जना गरेका भग्नावशेष हटाउन, मृत पशुपंक्षीको व्यवस्थापन शिर्षकमा बढीमा रु. ३ लाख ।

ई) विपद् प्रतिकार्यको पूर्वतयारी स्वरुप आवश्यक उद्धार तथा राहत सम्बन्धी व्यवस्थापन, राहत सामग्रीको भण्डारण, प्याकेजिङ्ग र ढुवानी शिर्षकमा बढीमा रु. १० लाखसम्म।

**निर्णय नं.८:** मिति २०८०।०७।१७ मा जाजरकोट र रुकुम पश्चिममा गएको भूकम्पबाट प्रभावितलाई राहत उपलब्ध गराउन जाजरकोट र रुकुम पश्चिम दुवै जिल्लाका जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिलाई रु. ५/५ करोड उपलब्ध गराउने मिति २०८०।०७।२३ को कार्यकारी प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने।

**निर्णय नं.९:** भूकम्पको कारण क्षति भएका नीजि आवास तथा सार्वजनिक भवनहरु र संरचनाहरुको प्रबलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापनाको योजना बनाउन क्षतिको विवरण संकलन गरी विस्तृत क्षति आंकलन, मूल्यांकन (Detailed Damage Assessment) गर्न आवश्यक पर्ने उपयुक्त जनशक्तिको व्यवस्थापन गर्न शहरी विकास मन्त्रालयसंग समन्वय गरी उपयुक्त विधि/ढाँचा तयार गरी अर्थ मन्त्रालयबाट स्रोतको सुनिश्चत्ता सहित पेश गर्ने ।

**निर्णय नं.१०:** भूकम्प प्रभावित क्षेत्रहरूमा खानेपानी, शौचालय सरसफाई सम्बन्धी आधारभूत सुविधा तत्काल पुऱ्याउन सम्बन्धित स्थानीय तहलाई आग्रह गर्ने र सम्बद्ध निकायहरूले यस कार्यमा सहयोग गर्ने ।

अनिल पोखरेल
सदस्य-सचिव
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति

दिनेश भट्टराई
सचिव

अध्यक्ष
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन कार्यकारी समिति